कालीमाटीबाट खुद्रा व्यापारी हटाउने संकेत

लेखनाथ पोखरेल

काठमाडौं, २४ माघ

नेपालकै पहिलो सरकारी तरकारी बजार कालामाटीले खुद्रा व्यापारी व्यापारीलाई हटाउने संकेत दिएको छ। स्थान अभावका कारण खुद्रा व्यापारीलाई हटाउनुपर्ने अवस्था देखिएको कालीमाटी फलफूल तथा तरकारी बजार विकास समितिले जनाएको छ। समितिले कोरोना लकडाउनका बेलामा पनि खुद्रा स्टल बन्द गरेर थोक स्टलबाट मात्रै कारोबार गर्न दिएको थियो। उपभोक्ताको हितलाई ध्यानमा राखी लडकाउनमा पनि सीमित समयसम्म थोक विक्रेतालाई कारोबार खुला गरिएको समितिका कार्यकारी निर्देशक विनोदकुमार महराईले बताउनुभएको छ। समितिको २७ औं वार्षिकोत्सवको पूर्व-सन्ध्यामा समितिद्वारा आयोजित सार्वजनिक सुनुवाइ कार्यक्रममा उहाँले उक्त जानकारी गराउनुभएको हो। महराईले भन्नुभयो, 'यो थोक बजारमा खुद्रा व्यापार गर्न दिने कि नदिने भन्ने सोच रहेको छ। निकट भविष्यमै यसबारेमा हामी ट्रेगोमा पुग्नेछौं।' खुद्रा व्यापारीहरूले लकडाउनको समयमा थोक व्यापारीलाई कारोबार गर्न दिएको तर खुद्रा व्यापारीलाई रोक लगाएको गुनासो गरेपछि कार्यकारी निर्देशक महराई उक्त खुलासा गर्नुभएको हो।

समितिका अनुसार कालीमाटी तरकारी बजारमा ६१ वटा खुद्रा व्यापारीका स्टल रहेका छन्। जसमा ताजा तरकारी ४६, आलु, प्याज १२ र मसलाजन्य ३ वटा रहेका छन्। त्यस्तै थोकतर्फ कुल ४ सय ५४ वटा स्टलमध्ये ताजा तरकारी ३ सय ८, आलु प्याज ९१, माछा २७, फलफूल १२ र मसलाजन्य १३ वटा स्टल रहेका छन्। अन्य सेवामूलकतर्फ ५० स्टलमध्ये बिउविजन २, दुग्धपदार्थ १, च्याउ २, चमेनागृह र भोजनालय ५, गोदाम तथा केज ४० रहेका छन्। त्यस्तै, कार्यालय



सञ्चालनतर्फ बैंक १, सहकारी संस्था २, संघ संस्था ३ विपदी अवशेष विश्लेषण इकाइ १ गरी कुल ७ वटा रहेका छन्। त्यसैगरी, विविध सेवा सञ्चालनतर्फ मोटरसाइकल पार्किङ १, प्रवेश शुल्क संकलन १, शौचालय १ र बजार सरसफाइ १ गरी कुल ४ इकाइ रहेका छन्। बजारमा थोक, खुद्रा तरकारी बजार तथा संघ संस्था गरी कुल ५ सउ ७६ स्टल रहेको समितिले जनाएको छ।

४५ रोपनीमा फैलिएको कालीमाटी तरकारी बजार राजधानीमा जनसंख्याको चापमगि सरकारले अन्य स्थानमा पनि तरकारी बजारमा सञ्चालनका लागि सरकारले आवश्यक पूर्वाधार तयारी गरिरहेको हो। कृषि तथा पशुपक्षी विकास मन्त्रालयले चोभारको २२ रोपनीमा सञ्चालनमा ल्याउन लागेको फलफूल तथा पुष्प बजार निर्माणाधीन अवस्थामा रहेको छ। त्यसबाहेक समितिले नौबीसेमा रहेको ४.५ रोपनी तरकारीको सकलन केन्द्र निर्माणको तयारी गरेको छ। समितिकै बालाजुस्थित २.५ रोपनीमा पनि तरकारी बजार सञ्चालनमा रहेको छ। समितिले निकट भविष्यमै होल्डिङ-एन्सान यार्ड सञ्चालन, थोक बजारका सेडहरूको पुनर्निर्माण, बालाजु तरकारी बजार पिच गर्ने, तरकारी उत्पादन क्षेत्रमा कृषकसंग विपदी सचेतना, पोष्ट हार्भेष्ट सुझावका लागि केट वितरण, चोभार बजार सञ्चालनका लागि निर्देशिक र कार्यविधि निर्माण गरिने जनाएको छ।

समितिका अनुसार कृषक, उपभोक्ता र व्यापारीले आ-आफ्नै समस्या र गुनासो गर्ने गरेका छन्। कृषकले बजार सुविधा पाउन नसकेको, व्यापारीले उचित मूल्य नदिएको, व्यापारीले सिण्डिकेट गरेको, बिचौलिया हावी भएको, उत्पादन र उपभोक्ताबीचको मूल्यअन्तर बढी भएको, कृषक समूह र सहकारीले उत्पादन बिक्रीका लागि तरकारी बजारमा पर्याप्त स्टल नपाएको, अर्गानिक उत्पादन बिक्रीका लागि तरकारी बजारमा स्टल नपाएको गुनासो गर्ने गरेका छन्। त्यस्तै, व्यापारीले पनि बजार सांघुरो भएको, कृषकले पोष्ट हार्भेष्टमा सुधार नगरी सामान पठाउँदा बढी नोक्सानी हुने गरेकोले कृषकलाई उचित मूल्य दिन नसकिएको गुनासो गर्ने गरेका छन्। त्यस्तै, उपभोक्तालै पनि महंगो भएको, बिक्रेताले बिलबिजक नदिएको, अनधिकृत व्यापारीको वाहुल्यता रहेको र बजार तह धेरै भएको गुनासो गर्ने गरेका छन्।

मन्त्री तुम्बाहाङफेले भूमिहीनलाई जग्गा वितरण गर्दा बिचौलिया सक्रिय रहनतर्फ सचेत गराउँदै त्यस्ता व्यक्ति र समूहबाट टाढै रहन पनि निर्देशन दिनुभयो।

अम्बेको कन्ट्राक्टर सम्मेलन

काठमाडौं/हिटा। अम्बे स्टिल्सले शुक्रवारका भक्तपुरको सल्लाघारीमा कन्ट्राक्टर सम्मेलन आयोजना गरेको छ। सो अवसरमा कम्पनीले सहभागीहरूलाई टिएमटी छड प्रयोग गर्दा अनिवार्य पालना गर्नुपर्ने सावधानी र टएमटी छड आइडेड गर्ने तरिकाबारेमा जानकारी प्रदान गरेको थियो।

ताप्ली गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

रुपाटार, उदयपुर

१ नं प्रदेश नेपाल

ताप्ली गाउँपालिका भित्रका सामुदायिक विद्यालयहरूको लागि गाउँ शिक्षकको विज्ञापन सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित सूचना :- २०७७/१०/२५)

प्रस्तुत विषयमा यस गाउँपालिका अन्तर्गत विभिन्न सामुदायिक विद्यालयहरूको लागि तपसिल बमोजिमको गाउँ शिक्षकहरु करार सेवामा पदपूर्ति गर्न पर्ने भएको हुँदा योग्यता पुगेका ईच्छुक उम्मेदवारहरुबाट दरखास्त आव्हान गरिन्छ।

माग सङ्ख्या

क.स.	विज्ञापन नं.	पद	तह/श्रेणी	आवश्यक सङ्ख्या	आवेदन दस्तुर रु.	कैफियत
१	१/०७७/०७८	गाउँ शिक्षक	मा.वि. तह (९-१०)	५(पांच)	१,५००/-	नेपाली-१, गणित/विज्ञान-२, अङ्ग्रेजी-१, विज्ञान- १
२	२/०७७/०७८	गाउँ शिक्षक	आधारभूत तह (६-८)	७ (सात)	१,०००/-	गणित/विज्ञान-६, अङ्ग्रेजी-१
३	३/०७७/०७८	गाउँ शिक्षक	आधारभूत तह (१-५)	७ (सात)	७००/-	
४	४/०७७/०७८	गाउँ शिक्षक	बाल विकास सहजकर्ता	१ (नौ)	५००/-	

क. न्यूनतम शैक्षिक योग्यता :

- नेपाली र अङ्ग्रेजी विषय मा.वि.तह (९-१०) को लागी सम्बन्धित विषयमा कम्तिमा स्नातक गरी सम्बन्धित तहको शिक्षण अध्यापन अनुमति पत्र भएको हुनुपर्नेछ।
- गणित र विज्ञान विषय मा.वि.तह (९-१०) र आ.वि. तह (६-८) को लागि क्रमश सम्बन्धित विषयमा कम्तिमा स्नातक वा सो सरह उत्तिर्ण गरेको र प्रविणता प्रमाणपत्रको परीक्षा वा सो सरह उत्तिर्ण गरेको हुनुपर्नेछ ।
- अङ्ग्रेजी विषय आ.वि.तह (६-८) लागि सम्बन्धित विषयमा प्रविणता प्रमाणपत्रको परीक्षा वा सो सरह उत्तिर्ण गरेको र सम्बन्धित तहको शिक्षण अध्यापन अनुमति पत्र भएको हुनुपर्नेछ।

आधारभूत तह (१-५) को लागि:

कम्तिमा प्रविणता प्रमाणपत्रको परीक्षा वा सो सरह उत्तिर्ण गरेको र सम्बन्धित तहको शिक्षण अध्यापन अनुमति पत्र भएको हुनुपर्नेछ।

बाल विकास सहजकर्ताको लागि: कक्षा १० पास वा सो सरह उत्तीर्ण गरेको महिला (स्थानीय) हुनुपर्नेछ।

ख. उमेर : कम्तिमा १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको नेपाली नागरिक हुनुपर्नेछ।

ग. दरखास्त बुझाउने स्थान : ताप्ली गाउँपालिका कार्यालयको शिक्षा युवा तथा खेलकुद शाखामा बुझाउनु पर्नेछ। साथै गाउँपालिकाको नाममा प्राइम कमर्सियल बैंकमा खोलिएको आन्तरिक राजश्व खाता नं. ०७७००२५१CA मा तोकिएको दस्तुर जम्मा गरेको भौचर सहित आवश्यक योग्यताका प्रमाण पत्रहरुको प्रमाणित प्रतिलिपिहरु र फाराम स्थान गरी ict.taplimun@gmail.com मा email मार्फत पनि बुझाउन सकिनेछ।

घ. दरखास्त बुझाउने अन्तिम मिति : २०७७/११/०९ गते कार्यालय समय भित्र।

ङ. दरखास्त फाराम र आवश्यक कागजात सम्बन्धित जानकारी : ताप्ली गाउँपालिकाको वेब साइट www.taplimun.gov.np बाट पाउन सकिनेछ।

च. छनौट किसिम : प्रारम्भिक योग्यता क्रमको सुची प्रकाशन लिखित परीक्षा र अन्तरवार्ता।

छ. अन्य थप जानकारीको लागी www.taplimun.gov.np वा ९८५२८३६०२५ मा सम्पर्क गर्न सक्नुहुनेछ।

(प्रमुख प्रशासकिय अधिकृत)

हेटौंडामा बस टर्मिनल भवन बन्ने

काठमाडौं/हिटा। हेटौंडा उपमहानगरपालिकामा व्यवस्थित बस टर्मिनल भवन निर्माणका लागि उपमहानगरपालिका र नगर विकास कोषबीच २० करोड ६९ लाखको ऋण सम्झौता भएको छ। हेटौंडा उपमहानगरपालिकामा व्यावसायिक क्रियाकलापलाई विस्तार तथा व्यापारिक केन्द्रका रूपमा विकास गर्ने उद्देश्यका साथ हेटौंडा उपमहानगरपालिका र कोषबीच ऋण सम्झौता भाएको हो।

सम्झौतापत्रमा कोषका कार्यकारी निर्देशक कृष्णप्रसाद सापकोटा र हेटौंडा उपमहानगरपालिकाका प्रमुख हरिबहादुर महतले हस्ताक्षर गर्नुभएको छ। हेटौंडा बस टर्मिनल भवन निर्माणको कुल अनुमानित लागत ३४ करोड ४९ लाख ९७ हजारको ६० प्रतिशत ऋण रकम कोषको तर्फबाट र ४० प्रतिशत रकम नगरपालिकाबाट व्यहोर्ने कोषले जनाएको छ। कोषका अनुसार बागमती प्रदेशको राजधानीमेयर रहेको हेटौंडा उपमहानगरपालिकाको मीन्दयंका लागि सुविधासम्पन्न बस टर्मिनल भवन क्षेत्रमा वाना ठूला गरी १३० वटा गाडी एकैसाथ पार्किङ गर्न सुविधा रहेको छ।

साथै व्यावसायिक भवनभित्रको २ तले बेसमेन्ट पार्किङमा १० वटा चारपाङ्ग्रे र २४० वटा दुईपाङ्ग्रे सवारीसाधनका लागि पार्किङ सुविधा रहेको छ, जसले हेटौंडा बजारमा रहेको अव्यवस्थित पार्किङलाई न्यूनीकरण गरी व्यवस्थित र सुविधायुक्त पार्किङ व्यवस्थापनमा सहयोग पुग्ने र उमहानगरपालिकाको आर्थिक वृद्धिमा समेत टेवा पुग्ने बताइएको छ।

भूमिहीनलाई छिटो पुर्जा दिने व्यवस्था मिलाउन निर्देशन

हिमालय टाइम्स

काठमाडौं, २४ माघ

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री डा. शिवमाया तुम्बाहाङफेले भूमिहीनलाई जग्गा धनीपूर्जा वितरणमा तत्समाधि भए शेषीमाथि कारवाही गर्ने चेतावनी दिनुभएको छ। भूमि समस्या समाधान आयोगका जिल्ला समिति अध्यक्ष तथा सदस्यलाई काठमाडौंमा शनिवार निर्देशन दिंदै उहाँले कानूनभन्दा बाहिर गएर कामं कारवाही नगर्न निर्देशन दिनुभएको हो। मन्त्री तुम्बाहाङफेले समितिका पदाधिकारीलाई भन्नुभयो 'तपाईहरूलाई निश्चित अधिकार मात्रै दिइएको छ, ऐनबिपरीत जानुभयो भने कानूनी दायरामित्र आउनुपर्छ। एक इन्च बाहिर जानुभयो भने कारवाही हुन्छ।'

मन्त्री तुम्बाहाङफेले भूमिहीनलाई जग्गा वितरण गर्दा बिचौलिया सक्रिय रहनतर्फ सचेत गराउँदै त्यस्ता व्यक्ति र समूहबाट टाढै रहन पनि निर्देशन दिनुभयो। उहाँले भन्नुभयो, 'पुर्जा दिलाइदिन्छु भनेर पैसा लिएर तपाईहरूलाई प्रभावित बनाउने समूह आउँछ, यही बेला हो सम्पत्ति जोड्छु भन्ने लागेको छ भने मतबाट हटाइदिनुहोला।' आयोगका पदाधिकारी नै सर्वमैवां नभएको बताउँदै मन्त्री तुम्बाहाङफेले आफूलो निश्चित अधिकार मात्रै रहेको मनन गर्न र ऐनले तोकेको कार्य मात्रै गर्न सचेत गराउनुभयो। आयोग झण्डै दुई वर्ष अवधिमा सबै समस्या समाधान गर्नुपर्ने अभिभारा रहेको उल्लेख गर्दै काम तीव्रता दिनुपर्ने पनि उहाँले बताउनुभयो। उहाँले सरकारले भूमिहीनलाई पुर्जा दिन आंतर रहेको पनि बताउनुभयो। सरकारले गत साता मात्रै ७७ वटै जिल्लामा अध्यक्षसहित बिज्ञ सदस्य र सदस्य गरी तीन-तीन जना नियुक्त गरेको थियो। २३१ जना पदाधिकारीमा २५ प्रतिशत महिलाको प्रतिनिधित्व रहेको छ। मन्त्री तुम्बाहाङफेले आयोग निर्माणमा सकभर महिलासहित जातीय क्लस्टर मिलाउने अधिकतम प्रयास गरिएको जानकारी दिनुभयो।

मन्त्रालयका सचिव टेकनारायण पाण्डेले विगतका आयोगले पूरा गर्न नसकेको जिम्मेवारीसमेत यस आयोगको काँधमा रहेको उल्लेख गर्दै जिम्मेवारीपूर्वक भूमिका निर्वाह गर्न निर्देशन दिनुभयो। आयोगको कामले सरकारको इमेज देखिने भएकोले पनि विचौलिया र दलालबाट हुने चलखेलप्रति सचेत रहन सुझाव दिनुभयो। आयोगका केन्द्रीय अध्यक्ष देवीप्रसाद ज्वाली, सदस्य भीम कार्कीलगायतले आफूहरूमाथि ९ लाखभन्दा बढीलाई जग्गाको लालपुर्जाको स्वामित्व दिने दायित्व रहेकोले जिम्मेवारीपूर्वक काम गर्ने बताउनुभयो।

आयोगका सदस्य तथा प्रवक्ता भीमबहादुर कार्कीले भूमिहीन समस्या लामो समयदेखि समस्या भन्दै झण्डै १४ लाख परिवारको समस्या समाधान गर्नुपर्ने अवस्था रहेको बताउनुभयो तर विगतमा कोरोनाका कारण धेरै काम गर्न नसकिएको उहाँको भनाइ थियो। भूमिहीन दलित, सुकुम्बासी र अव्यवस्थित बसोबासलाई व्यवस्थित गर्न सरकारले २०७७ चैतमा आयोग गठन गरेको हो। सरकारले गएको माघ १५ गते आयोगको जिल्ला समिति अध्यक्ष र सदस्य नियुक्त गरेको थियो।

उक्त कार्यक्रममा हाले नियुक्त आयोगका जिल्ला समितिका अध्यक्ष तथा सदस्यलाई काम, कर्तव्य र अधिकारका विषयमा विज्ञबाट प्रशिक्षणसमेत दिइएको थियो। आयोगका अनुसार हालसम्म भूमिहीनको जग्गाधनी पुर्जा वितरणका लागि र व्यवस्था बढी स्थानीय तहसंग सम्झौता भइसकेको छ भने करिब २ सय स्थानीय तहले सूचना नै निकालिसकेका छन्।

एससिटी र ग्लोबलबीच सम्झौता

काठमाडौं, हिटा। स्मार्ट च्वाइस टेक्नोलोजिज लिमिटेड (एससिटी) र ग्लोबल आईएमई बैंकबीच सम्झौता भएको छ। एससिटीले बैंकिङ क्षेत्रका सेवाग्राहीलाई विविध भुक्तानी उपकरण र डिजिटल बैंकिङ पहुँच सजिलै पुऱ्याउने उद्देश्यले विकास गरेको ओम्नी च्यानल डिजिटल बैंकिङ सोलुसनमार्फत सेवा उपलब्ध गराउन यस्तो गरेको हो। एससिटीले गहन अध्ययन र अनुसन्धान गरी विगत दुई वर्षको अनवरत प्रयत्नबाट विकास गरेको तथा करिब तीन महिना आन्तरिक रूपमा सफल परीक्षणपछि सञ्चालनको अवस्थामा ल्याएको यस उपकरणमा मोबाइल बैंकिङ, ई-बैंकिङ, सेल्फ बैंकिङ, स्मार्ट क्युआर र कार्डमार्फत दिने सेवा एउटै प्लेटफर्मबाट उपलब्ध हुने जनाएको छ। यसबाट ग्लोबल आइएमई बैंकका ग्राहकलाई आवश्यकताअनुसार हिटो, छरितो, मितव्ययी र सरलरूपमा बैंकिङ सेवा र सुविधाको पहुँच हुने कम्पनीले जनाएको छ।

Chhedagad Municipality

Office of the Municipal Executive

Karkigaun, Jajarkot

Karnali Province, Nepal

Invitation for Bids

Date of publication: 07 February, 2021 (2077/10/25)

1. Chhedagad Municipality invites sealed bids and electronic bids from Nepalese eligible ebidders for the construction of Road, under National Competitive Bidding procedures. The estimated amount for the Works is given in table below.
2. Eligible e-Bidders may obtain further information and inspect the Bidding Documents at the office of Chhedagad Municipality Karkigaun, Jajarkot, Karnali Province, Nepal mobile No: 9848122568/9858086086 E-mail: chhedagadmun@gmail.com, URL: www.chhedagadmun.gov.np or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. A complete set of Bidding Documents may be purchased from the office Chhedagad Municipality Karkigaun, Jajarkot, Karnali Province, by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee of NRS. 3000 for each IFB till **08 March 2021** during office hours. **Or**

   Bidder who chooses to submit their bid electronically may purchase the hard copy of the bidding documents as mentioned above or may download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np/egp,. Bidders, submitting their bid electronically, should deposit the cost(as specified above) of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank: **Name of the Bank:** Global IME Bank limited **Name of Office** : Chhedagad Municipality

   Office Code no : 80106119 **Office Account name.:** Ga.1.1. Internal Revenue Chhedagad **Account no:** S3040100000007
4. Sealed or electronic bids must be submitted to the office of Chhedagad Municipality Karkigaun, Jajarkot, Karnali Province, Nepal by hand/Courier or through PPMO website www.bolpatra.gov.np/egp on or before 12 pm on 09 March 2021. Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 2 pm on 09 March 2021 at the office of Chhedagad Municipality. Bids must be valid for a period of 90 Days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, amounting to a minimum as in given table which shall be valid for 30 days beyond the validity period of the bid.
6. If the last date of purchasing or submission falls on a government holiday, then then exta working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
7. The Employer reserve the right to accept or reject, wholly or partly any or all the bids without assigning reason whatsoever.
8. The Works:-

S.N.	Construction of Road Project		Bid Security Amount in NRs.	Amount in NRs. (Without VAT)
	IFB No.	Name of Project		
1	CGM/NCB/G/WORK/08/077/078	Jalma to Khamalekh road construction, wada no. 1	2,82,000.00	94,00,459.52
2	CGM/NCB/G/WORK/09/077/78	Khara Nauli to Kafla road construction, Ward no. 10	3,08,000.00	1,02,54,192.21
3	CGM/NCB/G/WORK/10/077/78	Dhungil to Machhina road constuction, Ward no. 10 &11	2,05,000.00	6,836,590.80

For Chief Administrative Officer

हिमालय प्रकाशन एण्ड मिडिया प्रा. लि. द्वारा प्रकाशित, मुद्रण : आशुतोष प्रिन्टर्स, बालकुमारी, ललितपुर, कार्यालय : मण्डलेश्वर, काठमाडौं, फोन : ४४७८१७७, फ्याक्स : ४४८०५५४, पी.बी.न. ११७२, Email: desk@himalayatimes.com.np, कार्यकारी निर्देशक : दीपेन्द्र शर्मा, सम्पादक : पुरुषोत्तम घिमिरे